सम्पर्क नः ०२५-५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८०/०८१
च.नं.-

शिलबन्दी वोलपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित सुचना मिति : २०८१/०२/१७

यस दुहवी नगरपालिका अन्तर्गत तपसिल बमोजिमका आ.व. २०८१/०८२ को लागि मिति २०८२ अषाढ मसान्त सम्मको लागि शिलबन्दी बोलपत्र द्धारा आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदा इच्छुक व्यक्ति, सस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिकाको कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नु हुन प्रथम पटक यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| रा आ ठे नं. | ठेक्का शिर्षक | न्यूनतम ठेक्का अंक मू अ कर समेत वार्षिक रु |
|---|---|---|
| 1 | साप्ताहिक मवेशि पशुचौपाया खरिद विक्री हाटकर , दुहवी ४ | 13,31,605 I- |
| 2 | मंगलबारे खसि ,सुगुर काटि मासु विक्री हाटकर ,दुहवी ४ | 11,41,250 I- |
| 3 | जिउदो खसी बाख्रा हाटकर, दुहवी ४ | 11,56,1,00 I- |
| 4 | दैनिक गुदरी हाटकर ,दुहवी ४ | 5,72,550 I- |
| 5 | भलुवा फर्साही हाटकर ,दुहवी ७ | 56,100 I- |
| 6 | बिहिबारे साप्ताहिक हाटकर ,दुहवी ८ | 1,77,650 I- |
| 7 | आईतबारे साप्ताहिक हाटकर ,दुहवी ८ | 55,465 I- |
| 8 | बुधबारे ,आइतबारे, मंगलबारे साप्ताहिक हाटकर ,दुहवी १० | 5,41,200 I- |
| 9 | वडा नं .१२ मा लाग्ने सम्पूर्ण हाटकर ,दुहवी १२ | 62,700 I- |
| 10 | शुक्रबारे सोमबारे हाटकर ,दुहवी ११ | 28,162 I- |
| 11 | बुधबारे हाटकर ,दुहवी ८ | 1,16,050 I- |
| 12 | भैसी डिल हाटकर ,दुहवी ८ | 4,02,000 I- |
| 13 | कवाडी तथा कानूनले निषेध गरे बाहेकका मृतक पशुको हाड सिंग खुर निकाशी कर | 38,99,623 I- |
| 14 | मंगलबारे शुक्रबारे हाटकर ,दुहवी ९ | 99,660 I- |

...मालय बराह
प्रमु... अधिकृत

सम्पर्क नं: ०२५-५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८०/०८१
च.नं.-

शर्तहरु :

१. शिलबन्दी वोलपत्र साथ रु.१० को टिकट टाँसी आफूले कवोल गरेको ठेक्का अंकको ५% धरौटी वापत रकम दुहबी न.पा.,नगर कार्यपालिकाको कार्यालयको एन.आई. सि. बैक दुहवी शाखामा रहेको धरौटी खाता नं.(१०८२०५८४९९३७८००५) मा जम्मा गरेको सक्कले बैक भौचर संलग्न गर्नु पर्नेछ।

२. शिलबन्दी वोलपत्र साथ वोलपत्रवालाले स्थायी लेखा नम्बर, नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ । सस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, मू.अ.कर दर्ता प्रमाणपत्र र २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर : ठेक्का नं.१३ को लागि रु.३०००।— र अन्य ठेक्काका लागि रु. १०००।- फिर्ता नहुने गरी बोलपत्र फारम दुहबी न.पा.नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति : ठेक्का नं. १३ का लागि प्रथम पटक सुचना प्रकाशित भएको ३० औं दिन सम्म (२०८१/०३/१४) र अन्य ठेक्काको हकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म (२०८१/०२/३१), रहनेछ।

५. शिलबन्दी बोलपत्र दर्ता मिति : ठेक्का नं. १३ का लागि प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिनसम्म दिउँसो १२:०० बजेसम्म र अन्य ठेक्काका लागि प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औ दिनसम्म दिउँसो १२:०० बजेसम्म नगरपालिकाको राजस्व शाखामा दर्ता गरीसक्नुपर्नेछ र सोही दिनको दिउसो ३:०० बजे यस नगरपालिकाको कार्यालयमा शिलबन्दी बोलपत्र खोलिनेछ।

६. म्याद नाघी आएको वा रीत नपुगेको बोलपत्र फाराम उपर कुनै कारवाही हुनै छैन ।

सम्पर्क नं: ०२५-५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८०/०८१
च.नं.-

७. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

८. दर्ता भएको बोलपत्रहरु नियमानुसार खोली स्वीकृत हुने शिलबन्दी वोलपत्रदाताले स्वीकृत ठेक्का रकम तीन किस्ता गरी सम्झौता गर्दाकै बखत प्रथम किस्ता बापतको रकम अनिवार्य दाखिला गर्नुपर्नेछ र बाँकी रकम किस्ताबन्दी रुपमा दाखिला गर्नुपर्नेछ। ठेक्का सम्झौताकै बखत सम्पुर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा १०% प्रतिशत छुट दिईनेछ ।

९. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि को रोहवरमा दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ । तर प्रतिनिधि अनुपस्थित भएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

१०. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

११. अन्य जानकारीको लागि दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व तथा कर शाखामा कार्यालय समय भित्र टेलिफोन नम्बर ०२५– ५४२३८७ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१२. ठेक्का रकम दाखिलाको हकमा रा.ठे.नं. १३ कवाडी करको प्रथम चौमासिक बराबर रकम नगदै दाखिला गर्नुपर्ने र बाकी रकम बराबरको जमानत पेश गर्नुपर्नेछ। साथै अन्य शिर्षकको हकमा बैक जमानत अनिवार्य गरिएको छैन।

१३ बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलबन्दि वोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलि पल्ट दर्ता हुने तथा खोलिनेछ ।

१४. अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

हिमालय घराम
प्रमुख प्रशासकीय अधिकृत